# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

## National Association of Rural Municipalities in Nepal

## (NARMIN)

चलानी नं. ३०

मितिः २०७९।०६।०९

**माननीय प्रमुख आयुक्तज्यु**

निर्वाचन आयोग, नेपाल

**विषयः आयोगको निर्णयमा पुनर्विचारको लागि अनुरोध गरिएको सम्बन्धमा**

मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको बिवरण नबुझाउने उम्मेदवारलाई कारवाही गर्ने सम्बन्धमा निर्वाचन आयोग, नेपालको मिति २०७९।०५।३१ को प्रेस बिज्ञप्तिका सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालले निर्वाचन आयोग, नेपाललाई तपशिलमा उल्लेख भएबमोजिम हार्दिक अनुरोध गर्दछौं।

विधिको शासन र कानूनको परिपालना सबैले गर्नुपर्दछ। यसमा कुनै प्रश्न खडा हुन सक्दैन। कानूनको अज्ञानता क्षम्य पनि हुँदैन। तर कानूनको ब्यवहारिक कार्यान्वयन र परिपालना गर्ने सन्दर्भमा कानूनमा उल्लेख भएका प्रावधानअनुसार कहिलेकही ब्यवहारिक र परिस्थितिजन्य समस्या उत्पन्न हुन जान्छ र कानूनको कार्यान्वयन र परिपालना दुबैमा समस्या उत्पन्न हुन्छ।

यस परिस्थितिमा ब्यवहारिक र परिस्थितीजन्य समस्याको बिचबाट कानूनको कार्यान्वयन गर्ने उपाय खोज्नु नै न्यायिक बुद्धिमता हुन जान्छ। कानूनको कार्यान्वयनका सन्दर्भमा सजाय वा जरिवाना भनेको अन्तिम विकल्प मात्र हो। मूल कुरा कानूनको पालना र कार्यान्वयन नै हो। कार्वाही नियतवश अपराध गर्नेहरुका लागि आवश्यक पर्छ। भूलवश कानून पालनामा त्रुटी भए सच्चिने मौका दिन न्यायको सिद्धान्त भित्रै पर्दछ। विधि निर्माताले यही बिधायिकी मनसाय राखी कानूनको निर्माण गरेको हुन्छ।

निर्वाचन आयोग, नेपालले निर्वाचन आयोग ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को ब्यवस्था बमोजिमको स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको बिवरण नबुझाउने १,२३,६२४ जना उम्मेदवारलाई कारवाही गर्ने सम्बन्धमा चालेको कदम विधिसम्मत र प्रशंसनीय भएतापनि १,२३,६२४ जना उम्मेदवारलाई कारवाही गर्ने अन्तिम निर्णय उपर नेपालको सामाजिक, भौगोलिक, राजनीतिक र शैक्षिक परिवेशलाई न्यायिक दृष्टिमा राखी ब्यवहारिक एवं र परिस्थितिजन्य समस्याको समाधान गर्न एक पटकको लागि पुनर्विचार गरी बिभिन्न कारणले निर्वाचन खर्चको बिवरण नबुझाएका र बुझाउन नसकेका उम्मेदवारलाई खर्चको बिवरण पेश गर्न पुनः केही दिन (३० वा १५ दिन) को समयावधि उपलब्ध गराई यो ब्यवहारिक र परिस्थितिजन्य समस्याको समाधानका लागि सहयोग र सहजिकरण गरिदिन हुन सादर अनुरोध गर्दछौं।

निर्वाचन आयोगले लिएका नीति कार्यक्रमहरुमा आयोग र यस महासंघबीच विगतमा पनि सहयोग, समन्वय र सहकार्य हुँदै आइरहेको छ। प्रस्तुत विषयमा पनि विवरण बुझाउने अन्तिम मौकाको रुपमा केही समय थप हुने व्यवस्थाका लागि पुनः अनुरोध गर्दै उक्त समयभित्रमा विवरण बुझाउन सम्बद्ध सबैलाई महासंघको तर्फबाट आवश्यक सहजिकरण एवं समन्वय गर्नेसमेत प्रतिबद्दता व्यक्त गर्दछौं।

गौडहवा गाउँपालिका
दर्ता नं. २६४
दर्ता मिति. २०७९/०६/११

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

## National Association of Rural Municipalities in Nepal

## (NARMIN)

स्थानीय शासन प्रकृयामा महिला, दलित, जनजाति तथा अल्पसंख्यक सिमान्तकृत समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व होस् भन्ने संबिधानको व्यवस्था र मर्म रहेको छ । स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिनेहरुको आर्थिक अवस्था, राजनीतिक चेतना, शैक्षिक परिवेशका कारण यस प्रकारको कानुन पूर्णरुपमा कार्यान्वियन हुन व्यवहारिक रुपले कठिन देखिन्छ । जसले चुनावमा हजार रुपैयाँ पनि खर्च गरेका छैनन्, उनीहरूलाई सिधै डेढ लाख जरिवाना गर्ने र नतिरे कालोसूचीमा राख्ने आयोगको निर्णयले समावेशी अभ्यासबाट भर्खरै राजनीतिको मूलधारमा आउन लागेका सीमान्तकृत नागरिकलाई आतंकित बनाएको छ । तसर्थ, यसप्रकारका कारवाहीका विषयले विद्यमान निर्वाचन प्रणालीमा नै विकर्षण ल्याउने र त्यस प्रकारका लक्षित समुदायहरुको निर्वाचनमा प्रतिस्पर्धा गर्ने दर घट्न जाने भएकोले उक्त कानुनलाई नेपालको सामाजिक, भौगोलिक, राजनीतिक र शैक्षिक परिवेशलाई न्यायिक दृष्टिमा राखी ब्यवहारिक हुनेगरी संशोधन गर्नसमेत नेपाल सरकार र सम्बद्ध सबै राजनीतिक दलहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

बोधार्थ

१. सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२. माननीय मन्त्रीज्यू, नेपाल सरकार, गृह मन्त्रालय

३. माननीय मन्त्रीज्यू, नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

४. सबै राष्ट्रिय राजनीतिक दलहरु

- नेपाल कम्युनिष्ट पार्टी (एमाले)
- नेपाली काँग्रेस
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
- नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)
- जनता समाजवादी पार्टी, नेपाल
- लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल

| | |
|---|---|
| वंशलाल तामाङ | होमनारायण श्रेष्ठ |
| महासचिव | अध्यक्ष |